VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

BRILLIANT COACHING
Admisson for New Batch is going on !!!
1. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 1 Year (2018 Exams)
2. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 2 Years (2019 Exams)
3. Boards (X & XII) - ICSE/ISC/CBSE
Gangtok: 03592-201090/97332 97367
Siliguri: 0353-2576611/74070 80453

वर्ष - १८, अंक - १५७ ■ वि.सं. २०७४, साउन २५ गते ■ गान्तोक, बुधवार ०९ अगस्त, २०१७ www.hamroprajashakti.com ■ AUGUST 09, 2017, WEDNESDAY, GANGTOK ■ मूल्य ₹ ५/-

# केन्द्रको दृष्टिमा छैटौं अनुसूची नै समाधानको एउटा मात्र मार्ग!

## मोर्चा नेतृत्वलाई बंगाल सरकारसँग वार्तामा बसाउने तत्परता

**कलकत्ता, ८ अगस्त।** केन्द्र सरकारले दार्जीलिङ पहाड़लाई संविधानको छैटौं अनुसूचीमा अन्तर्भुक्त गर्नु नै वर्तमान समस्या समाधानको एउटा मात्र मार्ग ठानिरहेको छ। केन्द्र सरकारले पहाड़लाई छैटौं अनुसूचीमा अन्तर्भुक्त गर्ने प्रस्ताव आन्दोलनरत गोर्खा जनमुक्ति मोर्चा नेतृत्वसमक्ष राखेको राज्य प्रशासनका भरपर्दो सूत्रहरूलाई उद्धृत गर्दै मीडिया रिपोर्टमा दावी गरिएको छ। केन्द्र सरकार छैटौं अनुसूचीको आश्वासन दिएर मोर्चा नेतृत्वलाई पश्चिम बंगाल सरकारसँग वार्तामा बसाउन चाहन्छ। किनभने छुट्टै गोर्खाल्याण्ड राज्य गठनको माग स्वीकार गर्नु कुनै पनि स्थितिमा सम्भव नरहेको कुरा नयाँ दिल्लीले धेरै अगावै मोर्चालाई स्पष्ट जनाएको दावी रिपोर्टमा गरिएको छ। तर केन्द्र सरकारले यस्तो प्रस्ताव राखे पनि मोर्चा गोर्खाल्याण्डको मागमा अडिग छ। यस्तो परिस्थितिमा पहाड़को समस्या समाधानको मार्ग खोज्ने क्रममा केन्द्र सरकारसमक्ष अहिले एकमात्र मार्ग खुल्ला रहेको छ अनि त्यो पहाड़लाई संविधानको छैटौं अनुसूची अन्तर्गत अन्तर्भुक्त गर्नु हो। यसो गर्दा पहाड़को क्षमता र अन्य सुयोग सुविधाहरू बढ्नका साथै अनुदान लगायत आर्थिक सहयोगको परिमाण पनि विगतको तुलनामा धेरै गुणा बढ्रे जानेछ।

तर पहाड़लाई छैटौं अनुसूचीमा अन्तर्भुक्त गर्ने प्रस्तावमा राज्य सरकारको सहमति अत्यावश्यक भएको छ। पहाड़को वर्तमान परिस्थितिलाई ध्यानमा राख्दै मुख्यमन्त्री ममता ब्यानर्जी र तिनको सरकारले यस प्रस्तावमा सहमति जनाउन गम्भीरतापूर्वक विचार गर्ने राजनैतिक पर्यवेक्षकहरूको एउटा समूहको अनुमान छ। पहाड़को वर्तमान परिस्थिति सम्हाल्न मुख्यमन्त्री ममता ब्यानर्जीले छैटौं अनुसूचीको प्रस्तावलाई स्वीकार गर्नसक्ने पर्यवेक्षकहरूको एउटा समूहको अनुमान छ। राज्य सचिवालय नवान्नमा शीर्ष सूत्रलाई उद्धृत गर्दै मीडिया रिपोर्टमा दावी गरिएअनुसार पहाड़ समस्या समाधानको निम्ति केन्द्र सरकारको यस्तो प्रस्ताव राज्य सरकारकहाँ आइसकेको छ। मोर्चा छैटौं अनुसूचीको प्रस्तावमा सहमत भए केन्द्र सरकारको यो प्रस्ताव राज्य सरकारकहाँ आधिकारिक रूपमा पठाइनेछ। तर प्रस्ताव पठाउनअघि केन्द्र सरकार राज्य सरकारसँग यसबारे पहिला कुराकानी गरेर सहमति कायन गर्न चाहन्छ। समाधानको कुनै मार्ग नदेखेर केन्द्र सरकारले मोर्चा नेतृत्वसँग छैटौं अनुसूचीबारे कुराकानी गर्न परिरहेको मीडिया रिपोर्टको दावी छ। यस विषयमा मोर्चालाई सहमत गराउने जिम्मावारी केन्द्र सरकारले दार्जीलिङका सांसद तथा केन्द्रिय मन्त्री एस.एस. अहलुवालियालाई दिएको छ। अहलुवालियाले अहिले मोर्चा नेतृत्वलाई वार्तामा बस्नको निम्ति बारम्बार आह्वान गरिरहेका छन्। तिनले पहाड़ मुद्दाको समाधानको रूपमा दार्जीलिङको पार्वत्य क्षेत्रलाई संविधानको छैटौं अनुसूचीमा अन्तर्भुक्त गर्ने प्रस्ताव मोर्चा नेतृत्वसमक्ष राखेको मीडिया रिपोर्टको दावी छ।

नवान्न सूत्रले बताएअनुसार यसबारे केन्द्र सरकारले अहिले नै राज्य सरकारलाई आधिकारिक रूपमा प्रस्ताव नपठाए पनि सरकारी

▶रहल पाता २-मा

# राजमार्गमा सिक्किमको ट्रक तोड़फोड़

## चालकमाथि हातपाई, नगद लुटियो




**सिङ्ताम, ८ अगस्त।** राष्ट्रिय राजमार्ग-१० मा फेरि एउटा ट्रक तोड़फोड़ गर्नका साथै चालकमाथि हतपाई गरेको अनि नगद रुपियाँ लुटेको खबरले चालकहरु त्रसित बनेका छन्। यो घटना हिजो सोमबार रातिको हो। समाचारअनुसार राति लगभग ११:३० बजीतिर सिलगढ़ीबाट लोड लिएर सिक्किमतर्फ आइरहेको एसके ०१डी-०६४९ ट्रकलाई रम्फू र किर्नेबीच राजमार्ग-१० अन्तर्गत तुम्लाङ पुलबीचमा २ वटा स्कुटीमा आएका ६ जना अज्ञात व्यक्तिले हातमा खुकुरी र रडहरु देखाउँदै बाटो छेकेर ट्रकलाई रोकेर चालकलाई खुकुरीको उल्टापटीबाट प्रहार गरेको अनि चालकसित भएको ४५०० रुपियाँ लुटपाट गर्नका साथै गाड़ीको शिशा तोड़फोड़ गरेर चम्पट कसेको थाहा लागेको छ। यस विषयलाई लिएर सो ट्रकका चालक विक्रम राईले सिक्किम ट्रक चालक संगठनलाई एक अर्जी लेखेर यस विषयमा गम्भीरता लिँदै कानूनी कार्वाहीको निम्ति पहल गरिदिने निवेदन गरेका छन्। यसै अर्जीअनुरुप सिक्किम ट्रक चालक संगठनले रम्फू पश्चिम बंगाल पुलिस चेक पोस्टका एसएचओलाई लिखित रूपमा प्राथमिकी दर्ता गरेर ती अज्ञात व्यक्तिहरुलाई यथाशीघ्र पक्राउ गरी कड़ा भन्दा कड़ा कानूनी कार्वाही गरियोस् भनी माग गरेको जानकारी संगठनका अध्यक्ष मिङ्मा शेर्पाले दिएका छन्। यसभन्दा केही दिनअघि पनि केही ट्रकहरुलाई लुटपाट र तोड़फोड़ गरिएको तथा चालकलाई पनि कुटपिट गरिएको समाचार प्रकाशमा आएको थियो। यसरी गाड़ी तोड़फोड़, चालकलाई कुटपिट अनि लुटपाटको गतिविधि बढ़िरहेकोमा चालकहरुले राजमार्ग-१० मा आफ्नो ज्यान-माललाई लिएर असुरक्षित महसुस गरिरहेका छन्।

# अनशनकारीको अवस्था गम्भीर

## जिल्लापालको अपीलपछि तीनैजनालाई चढाइयो सलाइन



**कालेबुङ ८ अगस्त।** 'मानवताको आधारमा म तपाईंहरूलाई झट्टै अस्पतालमा भर्ना भएर उपचार लिने आग्रह गर्दछु। तपाईंहरू यहाँ बस्नु ठीक होइन, डाक्टरले बारम्बार स्वास्थ्य ठीक नभएको कारण अस्पतालमा भर्ना हुने सुझाउ दिइरहेका छन्। सोहिकारण म तपाईंहरूलाई मानवताको नातामा अस्पतालमा भर्ना हुनलाई आग्रह गर्न आएका हुँ' कालेबुङका जिल्लापाल डा. विश्वनाथले डम्बर चौकमा बसेका आमरण अनशनकारीहरूलाई अपील गर्दै भने। आमरण अनशनको १९ औं दिन आज एकाएक अनशनकारी अजित रोकाको स्वास्थ्य बिग्रेको थियो। अनशनकारी रोकाको अवस्था बिहान ८:३० बजे एकाएक चिन्ताजनक भएपछि कालेबुङ जिल्ला अस्पतालबाट चिकित्सकहरू आएर अनशनकारी अजित रोकाको अवस्था हेर्र उनलाई तत्कालै अनशन स्थलबाटै उठाएर अस्पताल लाने प्रयास गरेको थियो। एम्बुलेन्समा हालेर अनशनकारी अजित रोकालाई अस्पताल लाने प्रयास गर्दा अनशनकारी रोका आफैले अस्पतालमा भर्ना हुन अस्वीकार गरेका थिए। उनले अस्पतालमा भर्ना हुन अस्वीकार गरेपछि चिकित्सकहरूले एम्बुलेन्समा नै राखेर सलाईन चडाउने कार्यसँगै अक्सिजन समेत लगाउने कार्य गरेको थियो। अनशनकारी अजित रोकालाई जिल्ला अस्पतालका चिकित्सवर्गले सलाईन लगाएर अक्सिजन लगाउने कार्य गरिरहेकै अवस्थामा यता अन्य अनशनकारीहरू क्रमैले सागर दिलायी अनि राजु विश्वकर्मको पनि अवस्था विग्रेको थियो। उनीहरूको पनि अवस्था बिग्रेपछि चिकित्सकवर्गले उनीहरूलाई पनि सलाईन लगाउने प्रयास गर्दा दुवै अनशनकारीले सलाईन लिन अस्वीकार गरेका थिए। यद्यपि, पछिबाट उनीहरूको गम्भीर अवस्थालाई ध्यानमा राखेर जिल्ला अस्पतालका चिकित्सकवर्गले सलाईन लगाउने कार्य गरेको थियो। सोहिक्रममा दुवै अनशनकारीहरूलाई पछिबाट श्वास प्रश्वासमा बाधा सिर्जना हुन थालेपछि उनीहरूलाई पनि अक्सिजन चडाउने कार्य गरेको थियो। जुन अक्सिजन श्वास प्रश्वास समान्य भएपछि निकालिएको छ।

एकाएक तीनैजना अनशनकारीको अवस्था बिग्रेर चिन्ताजनक बनेपछि अनशन स्थल नजिक भएका सम्पूर्ण मानिसहरू चिंतित बनेका थिए भने परिवारका सदस्यवर्गले सँगै अन्य मानिसहरूले पनि गहभरी आँसू बनाएका थिए। अनशनकारीको अवस्था गम्भीर बनेको खबर डँडेलो झैं सल्केपछि एकाधिक मानिसहरू डम्बर चौकमा भेला भए।

दिनभरीको सो घटनापछि अपराह्न बजे कालेबुङ जिल्लापाल डा.

▶रहल पाता २-मा



## अनशनकारीहरूद्वारा स्वास्थ्य जाँच गराउन अस्वीकार, अवस्था अति चिन्ताजनक

**दार्जीलिङ, ८ अगस्त।** गोर्खाल्याण्डका लागि बलेका आमरण अनशनकारीहरूले स्वास्थ्य जाँच गराउन अस्वीकार गरिदिएका छन्। छुटटै राज्य गोर्खाल्याण्ड गठनको मागमा युवा मोर्चाका तीनजना सदस्यहरू गत २१ जुलाईदेखि दार्जीलिङको चौरस्तास्थित खुल्ला मञ्चमा आमरण अनशनमा बसेका छन्। अनशनकारीहरूको अवस्था लगातार बिगिँदै जाँदैछ दुइ दिनदेखि अनशनकारी अमर सुब्बालाई ज्वरो आएको आएको छ, त्यसरी नै नोर्देन डुक्पाको पिसाब नै भएको छैन अनि राकेश छेत्री अचेत रहेको जानकारी युवा मोर्चा केन्द्रिय सदस्य कृष्ण बर्मेले दिएका छन्। स्वास्थ्य जाँच गर्न आएका डाक्टर अनि स्वास्थ्य कर्मीहरूलाई अनशनकारीहरूले स्वास्थ्य जाँच नगर्ने जनाइदिएको पनि बर्मेले जनाए। यसबारे सदर अस्पतालबाट स्वास्थ्य जाँच गर्न आएका डाक्टर अनि स्वास्थ्य कर्मीहरूसँगले अनशनकारीहरूको अवस्था चिन्ताजनक रहेको बताउँदै आफूहरूले तिनीहरूलाई अस्पतालमा भर्ना हुने अपील गर्दै आइरहेको तर तिनीहरूले यसलाई नकार्दै आइरहेको जनाए। स्वास्थ्यकर्मीले अनशनकारीहरूले तिनीहरूको स्वास्थ्य जाँच गर्न मनाही गरेको पनि जनाए।

अर्कोतिर, गोर्खा राष्ट्रिय कंग्रेसका कार्यकारी अध्यक्ष अशोक कुमार लेप्चाले अनशनकारीहरूको अवस्था चिन्ताजनक भएकोले यसबारे आन्दोलनकारी र जनताले पुन: विचार गर्नुपर्ने आह्वान गरेका छन्। लेप्चाले भने, आमरण अनशनले १९ दिन पूरा गऱ्यो तर पनि सरकारले यसबारे वास्ता नै गरेको छैन अनि अनशनकारीहरूको अवस्था बिग्रिँदै जाँदैछ, अनशनकारीहरूलाई केही भएको खण्डमा आन्दोलनकारी अनि देश दुवैलाई नै क्षति हुने भएकोले यसबारे आन्दोलनकारी, सरकार अनि जनता सबैले पुन: विचार गर्नुपर्छ।

# सुकनाकाण्ड, मोर्चा उपाध्यक्ष विशाल छेत्रीसहित तीनजना पक्राउ



### तीनमध्ये दुईजना १२ दिनको पुलिस हिरासतमा

**सिलगढ़ी, ८ अगस्त।** २९ जुलाई सुकनामा पुलिसलाई कथित आक्रमण गरेको, सरकारी सम्पत्ति जलाएको लगायत विभिन्न घटनामा संलग्न रहेको आरोपमा जनमुक्ति मोर्चा पार्टीका उपाध्यक्ष विशाल छेत्रीलाई सिलगढ़ीमा पुलिसले पक्राउ गरेको छ। पुलिसको भनाइ अनुसार सोही दिन निकालिएको खुकुरी जुलूसमा छेत्री सहभागी थिए। पुलिसमाथि प्राणघातक हमला गरेको आरोप तथा अन्य दुइवटा मुद्दा छ। सिलगढी पुलिस कमिश्नर निरज कुमार सिंहले छेत्रीलाई पक्राउ गरिएको कुरा बताएका छन्। विगत दुई दिनमा सुकना क्षेत्रबाट तीनजनालई पक्राउ गरिएको छ।

हिजो पक्राउ गरिएका नीतिन छेत्री (३५) र उदयहाङ फागू (३७)-लाई १२ दिनको पुलिस हिरासतमा पठाइएको छ। दुवैलाई मंगलवार यहाँ सिलगढ़ी महकुमा अदालतमा न्यायाधीशसमक्ष प्रस्तुत गरियो, जहाँ पुलिसले दुवैलाई पुलिस हिरासतमा पठाउने माग गरे। पुलिसको माग स्वीकार्दै न्यायाधीशले नीतिन छेत्री र उदयहाङ फागूलाई १२ दिनको पुलिस हिरासतमा पठाएका हुन्। पुलिसले सोमवार दुवैलाई पक्राउ गरेको थियो। पक्रा पर्नेमध्ये नीतिन छेत्री सुकना निवासी हुन् अनि उदयहाङ नेपालका हुन्।

स्मरण रहोस्, गत २९ जुलाई सुकनामा गोर्खाल्याण्ड आन्दोलनकारी र पुलिसमाझ संघर्षका घटना भएको थियो। त्यस अवधि केही पुलिसकर्मी लगायत आन्दोलनकारीहरू घाइते भएका थिए। त्यसै घटनाको सम्बन्धमा दुवैलाई पक्राउ गरिएको हो। दुवैविरुद्ध हिंसा फैलाएको, हतियार बोकेर हिँड़ेको, सरकारी कार्यमा बाधा

▶रहल पाता २-मा

# दिल्लीमा जापको संसद मार्च

## संसदमा गोर्खाल्याण्डबारे वहस हुनुपर्छ भन्दै लोकसभा अध्यक्षलाई ज्ञापन



**नयाँ दिल्ली ८ अगस्त।** दिल्ली पुलिसको कठोर घेरामाझ पनि आज जन आन्दोलन युवा एकाईको आयोजनामा संसद मार्च कार्यक्रम गऱ्यो। गत केही दिन अघि जाप अध्यक्ष डा. हर्कबहादुर छेत्रीले दिल्लीमा केन्द्रको मौनता तोड्न संसद भवनसम्म मार्च गर्नु पर्ने सबै पक्षलाई आह्वान गरेका थिए। पूर्वघोषित कार्यक्रम अनुसार आज बिहान १० बजिदेखि युवा एकाईका कार्यकर्ताहरु जन्तर मन्तर पुगेका थिए। संसद मार्च कार्यक्रम पत्तो पाएपछि दिल्ली पुलिस भारी संख्यामा दलबल सहित कार्यक्रम रोक्न संसद मार्गमा आज बिहारदेखी नै तैनाथ थियो। शुरुमा जन्तर मन्तरस्थित जाप अध्यक्ष डा. छेत्रीले जनतालाई सम्बोधन गर्दै गोर्खाल्याण्डको माग अब दिल्ली मै जोडतोडले गुन्जाउनु अनिवार्य रहेको बताए। उनले सरकार जनताको जनप्रतिनिधि रहेकोले अब भारतीय गोर्खा जातिको राजनैतिक सुरक्षा र चिन्हारीको समस्या दिल्लीमा रहेको केन्द सरकारले हल गर्नु पर्ने बताए। संविधान भनेको सरकार होइन संविधानले सबै जनताको हीत र

▶रहल पाता २-मा

## सरकारी नियमको खिल्ली उडाउँदै क्यासिनोमा स्थानीयहरुलाई प्रवेश दिइरहेको आरोप

**गान्तोक, ८ अगस्त:** सन् २०१५-को विधानसभा सत्रमा एसकेएम पार्टी अध्यक्ष पीएस गोलेले सिक्किमको जुवाखानाहरूले सिक्किमेली नागरिकहरूलाई जुवाको लतमा फँसाई लुट्ने अनि घर परिवार बिगार्ने काम गरिरहेको छ भन्ने कुरा राखेका थिए। उनले क्यासिनोमा सिक्किमे रैथानेहरूलाई पूर्ण पाबन्दी गर्नुपर्छ भन्ने कुरालाई वाकलत गर्दै सरकारले स्थानीयलाई क्यासिनोमा पूर्ण रूपमा पाबन्दी गर्ने कानून बनाउनु पर्छ भन्ने माग राखेका थिए। फलस्वरूप राज्य सरकारले सन् २०१६-मा अधिसूचना जारी गर्दै क्यासिनोमा स्थानीयलाई प्रतिबन्ध लगाएको छ।

सरकारको यस निर्णयले सिक्किमेहरूलाई धेरै खुशी महसूस गराएको थियो तर हालका दिनहरूमा यो कानूनको धज्जिया उड़ेको बताउँदै क्यासिनोमा व्यापक रूपमा अहिले स्थानीयहरूले प्रवेश प्राप्त गरिरहेको एसकेएम पार्टीले जनाएको छ। विशेष गरेर पासपोर्ट र ड्राइभिङ लाइसेन्सद्वारा क्यासिनोमा सिक्किमेली रैथानेहरूलाई प्रवेश गराइएको जानकारी पर्याप्त

▶रहल पाता २-मा

# गोर्खाल्याण्ड मागप्रति केन्द्र सरकार नबोल्नु अन्याय हो : आरबी राई



**दार्जीलिङ, ८ अगस्त।** जनताको आवाजलाई सरकारले वेवास्ता गर्नु भनेको सरासर अन्याय गर्नु हो भनी क्रामाकपाप्रमुख पूर्व सांसद आर. बी. राईले बताएका छन्। स्थानीय पार्टी केन्द्रिय कार्यालयमा पत्रकारहरूसँगको कुराकनीमा राईले देशको सिमानाहरूमा प्राणको आहुति दिएर अनि खूनको खोला बगाएर देशको सुरक्षा गर्ने भारतीय गोर्खाहरू आफ्नो जातीय परिचय अनि राजनैतिक सुरक्षाको माग गर्दै आन्दोलनरत छन् भन्दै विगत ५४ दिन देखि दार्जीलिङ पर्वतीय क्षेत्रमा अनिश्चितकालीन बन्द जारी छ अनि आन्दोलनमा आठजनाको मृत्यु भइसकेको र कैयौं घाइते भएका बताए। यति मात्र होइन वर्तमान आन्दोलनप्रति सरकारको ध्यानाकर्षण गराउन गत २१ जुलाईदेखि आमरण अनशनमा बसेका अनशनकारीहरूको अवस्था सोचनीय भेएको छ तर यति सब थोक हुँदा पनि केन्द्र सरकार एक शब्द नबोल्नु ठीक होइन र गोर्खाहरूप्रति सरासर अन्याय हो,

▶रहल पाता २-मा